# स्थानीय तह निर्वाचन, २०७४
# बालअधिकार अनुगमन सम्बन्धी
## सहयोगी पुस्तिका

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

# विषय सूची

**विषय** **पृष्ठ नं.**

भाग १ : स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन र व्यवस्थापन
१.१. निर्वाचनमा बालअधिकार अनुगमन
१.२. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनको उद्धेश्य
१.३. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनबाट अपेक्षित उपलब्धी
१.४. स्थानीय निर्वाचनमा बालअधिकार अनुगमनका लागि संरचना
भाग २ : निर्वाचन र बालअधिकार
२.१. बालबालिका र राजनीतिक सहभागिता
२.२. निर्वाचनका सन्दर्भमा बालबालिकाको राजनीतिक सरोकार र सहभागिताका स्वीकृत अभ्यासहरु
२.३. स्थानीय तह निर्वाचन, २०७४ मा सार्न्दभिक बालसंरक्षण सम्वनधी केहि प्रावधानहरु
२.४. निर्वाचन र निर्वाचनसँग सम्वन्धित राजनीतिक गतिविधिमा हुनसक्ने बालअधिकार हननका क्रियाकलापहरु
२.४.१. निर्वाचन पूर्वका समयमा
२.४.२. निर्वाचनको दिनमा
२.४.३. निर्वाचन पश्चात्
भाग ३ : स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन प्रक्रिया
३.१. निर्वाचनमा बालअधिकार अनुगमन समितिको गठन तथा अभिमुखीकरण
३.२. सम्वन्धित निकायहरुसँग सम्पर्क र समन्वय
३.३. निर्वाचनमा बालअधिकार अनुगमनका पूर्व तयारी
३.४. निर्वाचनमा बालअधिकार अनुगमन कार्य
३.५. संकलित सूचना सम्प्रेषण
३.६. उजुरी तथा तत्काल सम्बोधनका कार्यहरु
३.७. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनकर्ताले पालना गर्नुपर्ने आचारसंहिता
भाग ४ : अनुगमन फारमहरु
फारम १ : स्थानीय निर्वाचन, २०७४ मा बालअधिकार अनुगमन विवरण फारम
फारम २ : घटना विवरण फारम
फारम ३ : एकीकृत अनुगमन विवरण फारम (निर्वाचन पूर्व)
फारम ४ : एकीकृत अनुगमन विवरण फारम (निर्वाचनको दिन)
फारम ५ : एकीकृत अनुगमन विवरण फारम (निर्वाचन पश्चात्)
फारम ६ : विस्तृत अनुगमन फारमको नमूना (विद्यालय)
फारम ७ : विस्तृत अनुगमन फारमको नमूना (बालबालिका)
भाग ५ : स्थानीय तह निर्वाचनमा बिस्तृत अनुगमन तथा गहन अन्तर्वाताका लागि सुझावहरु
भाग ६ : बालबालिकासँग अन्तर्वातामा अपनाउनुपर्ने सावधानीहरु

# भाग : १
# स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन र व्यवस्थापन

## १.१. निर्वाचनमा बालअधिकार अनुगमन

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन भन्नाले स्थानीय तह निर्वाचनको सन्दर्भमा राजनीतिक दल, उम्मेद्वार तथा उनीहरुका प्रतिनिधिहरुले निर्वाचन पूर्व, निर्वाचनको समय (दिन)मा तथा निर्वाचन पश्चात् हुने निर्वाचनसँग सम्बन्धित गतिविधिहरुमा अनधिकृत रुपमा बालबालिकाको प्रयोग समेत गरी बालअधिकारको हनन् गरे नगरेको, निर्वाचन आचार संहितामा उल्लेखित बालअधिकार संरक्षण सम्बन्धी नियम पालना गरे नगरेको एवं निर्वाचनमा बालअधिकार संरक्षणका विषयमा राज्यका सम्बन्धित निकायहरुले गरेका कार्यहरुको केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा बालबालिकासंग सम्बन्धित सामाजिक संघसंस्थाहरु तथा संघसंस्थाका सञ्जालहरु समेतको सहभागिता एवं समन्वयमा केन्द्रीय एवं जिल्ला बालकल्याणसमितिबाट निरीक्षण गरी एकीकृत अभिलेख तयार गर्ने र प्राप्त तथ्यहरुको आधारमा प्रेस विज्ञप्ति, ध्यानाकर्षण लगायत प्रतिवेदन प्रकाशन गर्ने कार्यहरु पर्दछन् । साथै राजनीतिक दलहरु, तिनका भातृ संगठन लगायत राज्यका अन्य निकायहरुलाई राजनीतिक क्रियाकलाप र निर्वाचनका कार्यहरुमा बालअधिकारको सम्मान र पालना गर्न जिम्मेवार बनाउने कानुनसम्मत सम्पूर्ण गतिविधिहरु यस कार्य अन्तर्गत पर्दछन् ।

यस अन्तर्गत निर्वाचनका क्रममा बालअधिकारप्रति संवेदनशील भई त्यस सन्दर्भमा गरिने पर्यवेक्षणका कार्यहरु पनि पर्दछन् । निर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण नीति, २०७३ जारी गरेको छ । तर, बालअधिकार अनुगमन भने प्रचलित मानवअधिकार तथा बालअधिकार अनुगमनका सामान्य सिद्धान्त र प्रक्रियाहरुमा आधारित भएर नै गरिन्छ । सामान्यतया नियमित गरिने मानवअधिकार तथा बालअधिकार अनुगमन भन्दा निर्वाचनको सन्दर्भमा गरिने अनुगमन अझ विशेष ढङ्गले गरिने गरिन्छ ।

## १.२. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनको उद्देश्य

स्थानीय तह निर्वाचनमा गरिने बालअधिकार अनुगमनको मूलतः निम्न उद्देश्यहरूरहेका छन् :

- बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, बैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्वन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन भन्ने मान्यतालाई स्थापित गर्ने र त्यस्तो प्रकारको गतिविधि भए नभएको अनुगमन गर्ने ।
- विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नु हुँदैन भन्ने मान्यतालाई व्यवाहारिक रुपान्तरण गर्ने र त्यस्तो प्रकारको गतिविधि भए नभएको विषयमा अनुगमन गर्ने । निर्वाचन आचार संहितामा उल्लेख भएका बालअधिकार सम्बन्धी प्रावधानहरु विरूद्ध कुनै गतिविधि भएमा उक्त कार्यको अनुगमन प्रतिवेदन प्रकाशन गरी सम्बन्धित पक्ष तथा सरोकारवालाहरूको ध्यानाकर्षण गराउने ।
- निर्वाचनका समयमा हुने बालअधिकार उल्लंघनका घटनाहरु अभिलेखीकरण गर्न र राजनैतिक पार्टीहरुको तर्फबाट जनाएका प्रतिवद्धता पूरा भए नभएको अनुगमन गर्ने ।
- लोकतान्त्रिक संस्कृतिको विकास गर्नको लागि असल र नैतिकवान् मतदाता र राजनीतिक इमान्दारीता प्रवर्द्धन गर्ने ।
- निर्वाचन आचारसंहिता तथा प्रचलित बालअधिकारका मूल्य र मान्यता विपरीत बालबालिकालाई निर्वाचनमा प्रयोग गरी जोखिमको अवस्था रहेको पाइएमा तत्काल सो कार्य रोक्नको निम्ति सरोकारवाला निकाय तथा राजनैतिक दललाई सूचित गर्ने ।

## १.३. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनबाट अपेक्षित उपलब्धीहरु :

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन कार्यबाट निम्न उपलब्धीहरुको अपेक्षा गरिएको छ :

- स्थानीय तह निर्वाचन २०७४ मा बालअधिकार उल्लंघनको अवस्था सम्बन्धमा अनुगमन गरी प्राप्त तथ्यहरुलाई विश्लेषण गरी तथ्याङ्कसहितको प्रतिवेदन प्रकाशन हुनेछ ।
- सरोकारवाला निकाय, राजनीतिक दल तथा संगठनहरुलाई आचारसंहिताको पालना गर्न जिम्मेवार बनाउनुका साथै नयाँ बन्ने संविधानमा बालअधिकारका प्रावधानहरुको पैरवी गर्न सहयोग पुग्नेछ ।
- बालअधिकार अनुगमनले स्थानीय तह निर्वाचन, २०७४ लाई बालबालिकाको संरक्षणको दृष्टिकोणबाट बढीभन्दा बढी संवेदनशील, सुरक्षित र शान्तिपूर्ण निर्वाचन बनाउन सहयोग पुग्नेछ ।
- बालअधिकार अनुगमनको सन्दर्भमा राष्ट्रिय पर्यवेक्षकहरूको कार्यसूचीमा बालअधिकारसँग सम्बन्धित सरोकारका सवालहरूलाई मूलप्रवाहीकरण गर्न सहयोग पुग्नेछ ।
- बालअधिकारको संरक्षणको दृष्टिकोणवाट भएको निर्वाचन अनुगमनले सम्बन्धित सबै सरोकारवालालाई यस विषयमा सचेत गरी आगामी दिनहरुमा यस्ता कार्य नहुने सुनिश्चित गर्न सहयोग पुग्नेछ ।
- लोकतान्त्रिक संस्कृतिको विकासका लागि असल र नैतिकवान् मतदाता र राजनीतिक दलहरुलाई राजनीतिक इमान्दारीता प्रवर्द्धन गर्न सहयोग पुग्नेछ ।
- निर्वाचनमा हुने बालअधिकार अनुगमनले समग्र बालबालिकाको अधिकार संरक्षण र सम्वर्द्धन गर्न सहयोग पुग्नेछ ।
- निर्वाचनको क्रममा हुन सक्ने सम्भावित जोखिमबाट बालबालिकालाई जोगाउन मद्धत पुग्नेछ ।
- निर्वाचनको सन्दर्भमा हुने बालबालिकाको प्रयोगका विरुद्ध उजुरी गर्ने, सूचित गर्ने र सो नगर्न सरोकारवाला निकायमा अनुरोध गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ ।

### १.४. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनका लागि संरचना

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन कार्यलाई व्यवस्थित र वैज्ञानिक ढंगले सञ्चालन गर्नका लागि केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा केन्द्रीयस्तरमा बालअधिकारको क्षेत्रमा कार्यरत संस्था र सञ्जालका प्रतिनिधिहरु, संयुक्त राष्ट्र संघीय बालकोषका प्रतिनिधि, बालअधिकारका विज्ञहरु रहेको एक संयोजन समिति रहनेछ । त्यसैगरी जिल्लास्तरमा जिल्ला बालकल्याण समितिको संयोजन र समन्वयमा स्थानीय स्तरमा बालअधिकारको क्षेत्रमा क्रियाशिल संघसंस्था तथा सञ्जालका प्रतिनिधिहरु समेतको संलग्नतामा एक जिल्लास्तरीय अनुगमन समिति ७५ वटै जिल्लाहरुमा गठन गरिनेछ । जिल्ला तहमा यसको संयोजन सहजीकरणको मूल भूमिका जिल्ला बालकल्याण समितिमा रहेका बालकल्याण अधिकारीले गर्नेछन् । केन्द्रीय तहमा यसको संयोजन केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशकले गर्नेछन् भने केन्द्रमा निर्वाचन अनुगमनको निम्ति एक छुट्टै निर्वाचन बालअधिकार अनुगमन डेक्सको व्यवस्था गरिने छ र जिल्लाहरुसंग समन्वय गरिने छ ।

# भाग :२
# निर्वाचन र बालअधिकार

### २.१. बालबालिका र राजनीतिक सहभागिता

बालअधिकार महासन्धि आफैमा एक राजनीतिक दस्तावेज पनि हो । यस महासन्धिले बालबालिकाको नागरिक हैसियतलाई स्थापित गर्दछ र उनीहरुको नागरिक अधिकारको संरक्षण र संवर्द्धन गर्दछ । यस अर्थमा देशको राजनीतिक गतिविधि तथा प्रक्रियाहरुमा बालबालिकाको सरोकार र सहभागिता हुनु जरुरी छ र यो उनीहरुको अधिकार पनि हो । तर बालबालिकाको राजनीतिक सहभागिता र वयस्कहरुको राजनीतिक सहभागिताका प्रक्रिया र उद्देश्यहरु भने फरक हुन्छन् ।

बालिग मताधिकारका आधारमा गरिने निर्वाचन प्रणालीमा निर्वाचन प्रयोजनका लागि बालबालिकाको सक्रिय सहभागिता अपेक्षित होइन । न त यस प्रक्रियाले बालबालिकाको अधिकारहरुमा पार्ने प्रतिकूल प्रभावलाई नै स्वीकार गर्न सकिन्छ । राजनीतिक निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता बालसहभागितामूलक विशिष्ट प्रक्रियाबाट मात्र गरिन्छ । वयस्कहरुको सहभागीता हुने निर्वाचनमा बालबालिकाको प्रयोग र सहभागिता कुनै पनि अवस्थामा बालअधिकार अनुकुल हुन सक्दैन । तर निर्वाचनमा बालबालिकाको सरोकार बालबालिकाले राख्न सक्ने र उमेद्वारहरु र राजनितिक दलहरुले त्यसलाई समेटने कुरालाई सकारात्मक रुपमा लिन सकिन्छ ।

### *२.२ निर्वाचनका सन्दर्भमा बालबालिकाको राजनीतिक सरोकार र सहभागिताका स्वीकृत अभ्यासहरु :*

- निर्वाचनमा उम्मेद्वार भएका दलका प्रतिनिधि तथा स्वतन्त्र उम्मेद्वारहरुले बालबालिकासँग उनीहरुको माग र सरोकारका विषयमा छुट्टै छलफल गर्नु ।
- बालबालिकाले एक्लै वा सामूहिक रुपमा राजनीतिक दल तथा उम्मेद्वारहरुलाई आफ्ना माग तथा सरोकारहरुबारे लिखित वा मौखिक (भेटेर) जानकारी गराउनु ।
- बालबालिकालाई लक्षित गरी निर्वाचन प्रक्रिया तथा लोकतन्त्रका बारेमा सत्यतथ्य सूचना प्रवाह गर्नु ।
- बालबालिकाहरुले आफूहरु बीच निर्वाचन तथा यससम्बन्धी कार्यक्रमहरुका बारेमा कक्षा, बालसमूह आदिमा छलफल गरी निर्वाचन प्रक्रिया तथा लोकतन्त्रका बारेमा जानकारी लिनु तथा दिनु ।
- बालबालिकाले एक्लै वा समूहमा राजनैतिक दलका उम्मेद्वार तथा तिनका प्रतिनिधिहरुलाई आफ्नो सरोकारका विषयहरुमा प्रश्न वा जिज्ञासा राख्नु ।

### २.३. स्थानीय तह निर्वाचन २०७४ मा सान्दर्भिक बालसंरक्षण सम्बन्धी केही प्रावधानहरु :

निर्वाचन आयोगद्वारा जारी स्थानीय तह निर्वाचन आचारसंहिता, २०७२मा बालबालिकासँग प्रत्यक्ष सम्वन्धित बुदाँ नं. ४ (ड)मा उल्लेखित **'निर्वाचन प्रचार प्रसार आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने'** प्रावधान महत्वपूर्ण रहेको छ ।
यस बाहेक पनि नेपालको संविधानमा रहेका बालअधिकारका प्रावधानहरु, बालअधिकार सम्बन्धी महासन्धि, १९८९, बालबालिका सम्बन्धी ऐन, २०४८ तथा नियमावली २०५१ मा रहेका व्यवस्थाहरु, बालश्रम नियमित र निषेध गर्ने ऐन, २०५६ तथा नियमावली २०६१ मा रहेका व्यवस्थाहरु, तथा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८मा रहेका व्यवस्थाहरु पनि बालसंरक्षणका सवालमा आकर्षित हुन्छन् ।

## २.४. निर्वाचन र निर्वाचनसँग सम्बन्धित राजनीतिक गतिविधिमा हुनसक्ने बालअधिकार हनन्का क्रियाकलापहरु के के हुन् ?

### *२.४.१. निर्वाचन पूर्वका समयमा*

***क. बालबालिकालाई प्रत्यक्ष रुपमा संलग्न गराउने कार्यहरुः***

१. बालबालिकालाई राजनीतिक दल वा उम्मेद्वारको जुलुस, ऱ्याली, प्रचार प्रसार आदि कार्यमा संलग्न गराउने ।

२. बालबालिकालाई राजनीतिक दल तथा उम्मेद्वारका सभा सम्मेलन आदि कार्यहरुमा कलाकार, वक्ता वा अन्य रुपमा प्रयोग गर्ने वा सहभागी गराउने ।

३. बालबालिकालाई उम्मेद्वार तथा राजनीतिक दलले निर्वाचन र राजनीतिक प्रयोजनका विभिन्न कार्यहरुमा श्रमिकको रुपमा कार्य गराउने । जस्तैः पर्चा पोष्टर टाँस्ने, बोक्ने, पाल टाँग्ने, खाना बनाउने, बिजुलीको काम गर्ने, भाँडा माझ्ने, पानी ल्याउने, खुवाउने कार्य आदि ।

४. बालबालिकामाझ परिवार वा समुदायको राजनीतिक तथा साम्प्रदायिक आस्थाको आधारमा द्वन्द्व सृजना गर्ने तथा हुल हुज्जत गर्ने गराउने कार्यमा प्रयोग गर्ने ।

५. निर्वाचनका सहभागी तथा विरोधी पक्षहरुले बालबालिकालाई हतियार ओसार पसार तथा बोक्ने कार्यमा प्रयोग गर्ने ।

६. निर्वाचन वहिष्कारका सन्दर्भमा वा राजनीतिक दलका प्रतिनधिहरुले बालबालिकालाई मतदाता आउने मार्गहरु अवरुद्द गर्न लगाउने, मतदातालाई अल्मल्याउने जस्ता कार्यमा प्रयोग गर्ने ।

७. विशेष राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार वा वहिष्कारका लागि विद्यालयमा रहेका विद्यार्थीहरुको समिति तथा समूह गठन गर्ने र परिचालन गर्ने ।

८. बालबालिकालाई निर्वाचन बहिष्कार वा प्रतिस्पर्धी उम्मेद्वारहरुको पोष्टर पर्चा च्यात्न लगाउने ।

९.बालबालिकालाई निर्वाचन उद्देश्यले जासुसी, खबरी, सुराकी, सूचना वाहक तथा विरोधी समूहका रुपमा प्रयोग गर्ने ।

१०. बालबालिकालाई चन्दा संकलनका कार्यमा प्रयोग गर्ने ।

***ख.बालबालिकाले प्रयोग गर्ने स्थान आदिलाई प्रभावित पार्ने कार्यहरु :***

१. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माईकिङ्ग र निर्वाचनका अन्य प्रचारका कामहरु गर्ने गरिएको ।

२. विद्यालय तथा शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँसिएको वा राजनीतिक दल तथा उम्मेद्वारका पक्षमा तथा विरोधमा भित्तेलेखन गरिएको ।

३. विद्यालयका भौतिक तथा शैक्षिक सामग्रीहरुको प्रयोग गरिएको, विद्यालय हातामा राजनीतिक दलहरुले निर्वाचन कार्यक्रमहरु आयोजना गरेको ।

४. विद्यालयमा गरिएका राजनीतिक तथा निर्वाचनका कार्यक्रमहरुका कारण विद्यालयका भौतिक सम्पतिमाथि क्षति पुगेको - जस्तै डेक्स, बेन्च आदिमा हुन पुगेको नोक्सानी ।

५. राजनीतिक दल तथा उम्मेद्वारका पक्षधरहरुमाझ भएका झडप तथा द्वन्द्वका कारण विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीमाथि धम्की, कुटपिट र अन्य हानी नोक्सानी पुगेको ।

६. विद्यालयका शिक्षकहरुलाई राजनीतिक दल तथा उम्मेद्वारको पक्षमा प्रचार प्रसारमा संलग्न गराएको कारण पठनपाठनमा असर पारेको ।

७. विद्यालय नजिकका स्थानहरुमा आमसभा लगायत सभा सम्मेलनहरु आयोजना गरी विद्यालयको नियमित पठनपाठनलाई असर परेको ।

८. राजनीतिक कारणले बालबालिकाले पाउनुपर्ने आधारभूत सेवा तथा आपतकालीन सेवाहरु जस्तै स्वास्थ्य, खानेपानी, खाद्यान्न आदिको उपलब्धतामा अवरोध पुऱ्याइएको ।

९. राजनीतिक दल तथा उम्मेद्वारका प्रतिनिधिहरुले मतदाताहरुलाई आफ्ना सन्तानको कसम खाने तथा धर्म भाक्न लगाई मत पक्का गरेको ।

१०. निर्वाचन प्रयोजनका लागि भनी निर्वाचन आयोगद्वारा तोकिएका दिन बाहेक पनि विद्यालय बन्द गरिएको र त्यसबाट बालबालिकाको नियमित पठनपाठनमा असर परेको ।

११. विद्यालय परिसरभित्र नै निर्वाचन कार्यालय खडा गरिएको र त्यसले विद्यालयको नियमित पठनपाठन र विद्यार्थीहरुलाई नकारात्मक असर पारेको ।

१२. बालक्लब वा समूहका भवन वा कोठाहरुलाई जबर्जस्ती कब्जा गर्ने र ती स्थानहरुलाई कुनै पनि उद्देश्यका निमित्त प्रयोग गर्ने ।

### *२.४.२.निर्वाचनको दिनमा हुन सक्ने बालअधिकार हननहरु :*

१. बालबालिकालाई निर्वाचन केन्द्रमा मतदाताको रुपमा प्रयोग गर्ने ।

२. बालबालिकालाई वयस्क मतदाताको सट्टामा वा फर्जी मतदाताको रुपमा प्रयोग गर्ने ।

३. बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह आदिको संकेत अंकित टि–सर्ट, टोपी, स्टिकर टाँस गरी वा शरीरका कुनै पनि अंगमा त्यस्तो चिन्ह अंकित गराई वा ट्याटु बनाई परिचालन गरिएको ।

४. निर्वाचन केन्द्रमा वयस्कको सट्टामा बालबालिकालाई लाइनमा बस्न लगाइएको ।

५. निर्वाचन केन्द्र र त्यसका वरपर बालबालिकालाई हुल हुज्जत, झै–झगडा तथा द्वन्द्व सृजना गर्न प्रयोग गरिएको ।

६. निर्वाचन केन्द्र वरपर विभिन्न कारणले पुगेका बालबालिकामाथि हिंसा, कुटपिट, डर, त्रास तथा धम्की र अश्लील गालीगलौज गरिएको ।

७. निर्वाचन केन्द्र राखिएका विद्यालयको भौतिक संरचना तथा सामग्रीहरुमाथि क्षति पुऱ्याइएको ।

८. निर्वाचन केन्द्र राखिएका विद्यालयको वातावरणलाई सफा सुग्घर नराखिएकोर शौचालयहरुको सरसफाई नगरिदिएको ।

९. निर्वाचनका सन्दर्भमा उम्मेद्वार, राजनीतिक दल तथा उनीहरुका प्रतिनिधिले बालश्रमको प्रयोग गरेको ।

१०. बालबालिकाले प्रयोग गर्ने भौतिक सम्पत्तिहरु डेक्स बेन्च आदि तोडफोड गरिएको ।

### **२.४.३. निर्वाचन पश्चात् हुन सक्ने बालअधिकार हनन्का घटनाहरु**

१. विजय जुलुस, ऱ्याली आदिमा बालबालिकालाई संलग्न गराइएको ।

२. विजय सभा आदिमा बालबालिकालाई कलाकार, वक्ता, नारावाजी, स्वयंसेवक आदिको रुपमा प्रयोग गरिएको ।

३. विजय ऱ्याली, सभा तथा यससँग सम्बन्धित कार्यहरुमा बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गरिएको ।

४. निश्चित परिवार, समुदायका बालबालिकामाथि (विपक्षी वा आफूलाई भोट नहालेको निहुँमा) अपहेलना, हिंसा, कुटपिट, बेइज्जती गरेको ।

५. विजय सभा तथा ऱ्यालीका लागि विद्यालय बन्द गरेको, विद्यालयको नियमित पठनपाठनमा प्रभावित पार्ने गरी शिक्षक विद्यार्थीहरुलाई सहभागी गराएको ।

६. विद्यालय समयमा नै विद्यालय हाता, परिसर तथा विद्यालय नजिकैका स्थानहरुमा आमसभाहरु आयोजना गरी पठनपाठनमा अवरोध भएको ।

७. विजय जुलुस आदिका क्रममा अर्को उम्मेद्वारलाई गाली बेइज्जती गर्न, हुल हुज्जत तथा द्वन्द्वमा बालबालिकालाई उक्साउने, प्रयोग गर्ने गरिएको ।

# भाग : ३

# स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन प्रक्रिया

## ३.१ निर्वाचनमा बालअधिकार अनुगमन समितिको गठन तथा अभिमूखीकरण

केन्द्रमा केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा तथा सबै जिल्लाहरुमा स्थानीय तह निर्वाचन अनुगमनका कार्यहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि जिल्ला बालकल्याण समितिको समन्वय तथा संयोजकत्वमा जिल्लास्तरीय निर्वाचन अनुगमन समितिको गठन हुनेछ । हरेक जिल्लामा "निर्वाचन बालअधिकार अनुगमन समिति" गठन गर्ने प्रक्रिया निम्नानुसार गर्नुपर्नेछ :

३.१.१.जिल्लामा बालअधिकारको क्षेत्रमा काम गरिरहेका संघसंस्था तथा नागरिक समाजको विवरण संकलन गर्ने ।

३.१.२. जिल्लामा बालअधिकारको क्षेत्रमा काम गर्ने संघसंस्था तथा नागरिक समाजको जिल्लामा भेला बोलाउने । उक्त भेलाबाट बालअधिकारका क्षेत्रमा क्रियाशिल संस्था, सञ्चारकर्मी तथा अन्य पर्यवेक्षणमा संलग्न संघसंस्थाहरु समेत संलग्न गराई एक "स्थानीय तह निर्वाचन बालअधिकार अनुगमन समिति" गठन गर्ने ।

३.१.३. अनुगमन समितिका सदस्यहरुमध्ये एक जनालाई अभिलेखीकरणका लागि सम्पर्क व्यक्ति र अर्को एक जनालाई वैकल्पिक सम्पर्क व्यक्ति तोक्ने । सदस्यहरुले आफ्नो अनुगमनबाट प्राप्त सूचनाहरु सम्बन्धित सम्पर्क व्यक्तिलाई मौखिक वा लिखित रुपमा उपलब्ध गराउनेछन् भने सम्पर्क व्यक्तिले उक्त सूचनालाई अभिलेखीकरण गर्ने कार्य गर्ने ।

३.१.४. स्थानीय तह निर्वाचन बालअधिकार अनुगमन समितिका सदस्यहरुलाई अनुगमन विधि, विषय र प्रक्रियाहरुकाबारेमा अभिमुखीकरण गर्ने ।

३.१.५. माथि उल्लेखित सम्पूर्ण कार्यलाई बालकल्याण अधिकारीले संयोजन तथा सहजीकरण गर्ने ।

## ३.२.सम्बन्धित निकायहरुसँग सम्पर्क र समन्वय

निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा विभिन्न सरोकारवाला निकाय, संघसंगठनहरुसँगको समन्वय र सम्पर्क अत्यन्तै महत्वपूर्ण रहन्छ । त्यसैले निर्वाचनमा बालअधिकार अनुगमन समितिले अनुगमन कार्य शुरु गर्ने समयभन्दा पहिल्यै विभिन्न निकायहरुसँग समन्वय र सम्पर्क कायम गर्नु जरुरी छ । यसरी समन्वय गर्दा आफ्नो अनुगमन कार्य, यसले समेट्ने क्षेत्र, यसको उद्देश्य, विधि तथा अपेक्षित सहयोगका बारेमा सम्बन्धित निकायहरुलाई स्पष्ट जानकारी दिनुपर्दछ । समन्वय र सम्पर्क स्थापित गर्न निम्न कार्यहरु गर्न जरुरी छ :

३.२.१. जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सुरक्षा संयन्त्र, निर्वाचन पर्यवेक्षणमा संलग्न संघ संगठन, पत्रकार महासंघ, जिल्लास्थित राजनीतिक दल तथा उम्मेद्वारका सम्पर्क कार्यालयहरुसँग व्यक्तिगत रुपमा नै औपचारिक भेटघाट गरी अनुगमन सम्बन्धी कार्य र अपेक्षित सहयोगको जानकारी गराउने, सम्पर्क विवरणहरु (फोन नं, मोबाइल नं., सम्पर्क व्यक्ति आदि) विवरण संकलन गर्ने ।

३.२.२. यस बाहेक स्थानीयस्तरमा सूचना दिन सक्ने अन्य व्यक्ति, संस्था, समूह तथा निकायहरुसँग पनि सर्म्पक स्थापित गर्ने र उनीहरुलाई सम्भावित बालअधिकार हननकाबारेमा जानकारी गराई त्यस्ता घटना भएमा जानकारी दिनका लागि अनुरोध गर्ने र उनीहरुको गोपनीयता कायम राख्ने कुरामा पनि विश्वस्त बनाउने ।

३.२.३. निर्वाचनका सन्दर्भमा बालअधिकारको अनुगमन कार्य राष्ट्रिय मानवअधिकार आयोगबाट तथा श्रम विभागबाट श्रम कार्यालयहरु मार्फत् गरिने भएकाले उक्त निकायहरुसंग समेत समन्वय गर्ने ।

### ३.३. निर्वाचनमा बालअधिकार अनुगमनका पूर्व तयारीका अन्य कार्यहरु गर्ने

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा आवश्यक व्यवस्थापकीय तथा सूचना र जानकारी राख्नुपर्ने अन्य तयारीहरु पनि पूरा गरी तयारी अवस्थामा रहनुपर्दछ। यस सन्दर्भमा निम्न कार्यहरुमा विशेष ध्यान दिन जरुरी छ :

३.३.१. स्थानीय तहनिर्वाचनको सन्दर्भमा जिल्ला निर्वाचन कार्यालयसँग समन्वय गरी निर्वाचन कार्यक्रमको पूर्ण विवरण जानकारीमा राख्ने ।

३.३.२. स्थानीय तह निर्वाचनसँग सम्बन्धित नियम, कानून र आचारसंहिता तथा तोकिएका संयन्त्र उनीहरुको कार्यक्षेत्र र प्रयोजनको बारेमा पर्याप्त जानकारी राख्ने ।

३.३.३. राजनैतिक दल तथा उम्मेद्वारहरुले निर्वाचनका सम्बन्धमा आयोजना गर्ने कार्यक्रमको पूर्व जानकारी लिने ।

३.३.४. सुरक्षा निकायसँगको सम्पर्क कायम राख्ने र सम्बन्धित स्थानहरुमा स्थलगत अनुगमनमा जानका लागि सुरक्षाको सुनिश्चितता गर्ने ।

३.३.५. अनुगमनसँग सम्बन्धित फारामहरु, सामग्रीहरु दुरुस्त र तयारी अवस्थामा राख्ने ।

### ३.४. निर्वाचनमा बालअधिकार अनुगमन कार्य

माथि उल्लेखित कार्यहरु सम्पन्न गरिसकेको अवस्थामा बालअधिकार अनुगमन कार्य सञ्चालन गरिनुपर्दछ । सामान्यतया स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन निर्वाचन पूर्व, निर्वाचनको अवधि र निर्वाचन सम्पन्न भइसकेपछि पनि परिणामको घोषणा र त्यस पश्चात् हुने राजनीतिक क्रियाकलाप तथा गतिविधिको क्रममा गरिनुपर्दछ । यस अवधिहरुमा हुन सक्ने बालअधिकार हननका सम्भावित घटनाहरुको सूची अगाडि नै उल्लेख गरिसकिएको छ । निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा अनुकुलता तथा सम्भाव्यताहरु विचार गरी निम्न तीनवटा विधिहरुमध्ये कुनै एकलाई प्रयोग गर्न सकिन्छ ।

***३.४.१. स्थलगत अनुगमन:*** अनुगमन समितिका सदस्यहरु सम्बन्धित घटनास्थलमा प्रत्यक्ष रुपमा उपस्थित भएर घटनाबाट पीडित तथा प्रभावित बालबालिका एवंम् अभिभावकसँग समेत सम्पर्क गरी जानकारी संकलन गर्ने । यातायातको सुविधा, पहुँचको सहजता र पीडित तथा प्रभावित र स्वयं अनुगमनकर्ताको सुरक्षाको दृष्टिले सम्भव हुने स्थानहरुमा स्थलगत अनुगमन गर्नुपर्दछ ।

***३.४.२. द्वितीय सूचकमार्फत् गरिने अनुगमन:*** विभिन्न स्थानमा रहेका औपचारिक तथा अनौपचारिक सम्पर्क सुत्रहरु, स्थानीय संघसंस्था तथा पर्यवेक्षणमा संलग्न अन्य निकायहरु, सञ्चारकर्मीबाट सूचना तथा जानकारी प्राप्त गरी अनुगमन गर्ने प्रक्रिया द्वितीय सूचक मार्फत् गरिने अनुगमन हो । यस क्रममा संघसंस्था भएमा वा अनुमति प्राप्त पर्यवेक्षक निकाय भएमा सोको नाम तथा विवरण संकलन गरिनुपर्दछ तर व्यक्ति भएमा नाम विवरण संकलन गरेपनि सुरक्षाका दृष्टिले गोपनीयता कायम राख्नुपर्दछ ।

***३.४.३. सञ्चार माध्यमको अनुगमन :*** सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित समाचार, तस्विर, भिडियो, अडियो आदिका आधारमा घटनाहरुको जानकारी संकलन गरी अनुगमन गर्ने । घटना भइ सकेपछि मात्र जानकारीमा आएको र तत्काल पहुँच पुग्न नसक्ने अवस्थामा यस्ता समाचारहरुलाई आधार मानी सूचना संकलन र अभिलेखीकरण गर्नु प्रभावकारी हुन्छ । यसरी संकलन गरिएको सूचनामा भने श्रोतको विस्तृत विवरण (सञ्चारमाध्यमको नाम, मिति, अंक, पेज नं. र प्रकाशित समाचार तथा तस्विरको फोटाकपी, रेडियो/टेलिभिजन भए समय तथा अनलाइन भए त्यसको वेबसाइटको लिंक, सामाजिक सञ्जालहरु-फेसबुक, ट्विटर, युट्युव भए त्यसको डिजिटल प्रति समेत संकलन गरी राख्नुपर्दछ)

***३.४.४ विभिन्न पर्यवेक्षण तथा अनुगमन गर्ने संघसंस्थाहरुसँग समन्वय:*** आफ्नो जिल्लामा रहेका बालअधिकार, मानवअधिकार लगायत सामाजिक संस्था र पर्यवेक्षण गर्ने निकायहरुसँग समन्वय गरी सूचना प्राप्त गर्न पहल गर्ने र संकलित सूचनाहरुलाई

अभिलेखीकरण गर्ने । यस क्रममा जिल्लामा अवस्थित श्रम कार्यलयहरुसँग पनि समन्वय गरी निर्वाचनमा हुने बालश्रमसँग सम्वन्धित सूचनाहरु संकलन गरी घटना विवरण फाराम भरी केन्द्रमा पठाउने ।

३.४.५. बाल हेल्पलाइन नेपाल तथा बालबालिका खोजतलास समन्वय केन्द्रसंग समन्वय : बाल हेल्पलाइन नेपालको पैसा नलाग्ने फोन १०९८ र बालबालिका खोजतलास समन्वय केन्द्रको पैसा नलाग्ने फोन १०४ मा निर्वाचनमा बालबालिकाको प्रयोग गरिएको बालबालिकाको जोखिम वा घटनाको सूचनाको आधारमा अनुगनमन गर्न जिल्लामा रहेका बाल हेल्पलाइन नेपाल तथा बालबालिका खोजतलास समन्वय केन्द्रसंग समन्वय गर्नु पर्ने छ ।

**३.५. संकलित सूचना सम्प्रेषण**

जिल्ला स्तरमा संकलित सूचनाहरु प्रत्येक घटनाको अनुसूचीमा उल्लेख भएकोघटना विवरण फाराममा भरी घटनासँग सम्बन्धित सामग्रीहरु समेत संलग्न गराई तोकिएको मितिभित्र केन्द्रीय बालकल्याण समितिको कार्यालय, “केन्द्रीय निर्वाचनमा बालअधिकार अनुगमन संयोजन समितिमा” उपलब्ध गराउनुपर्नेछ । यसको विवरण सम्भव भएसम्म दैनिक घटना विवरण फाराम भरीघटना भएकै दिन तल उल्लेखित इमेल वा फ्याक्स मार्फत् केन्द्रमा पठाउनु पर्नेछ । केन्द्रबाट साप्ताहिक रुपमा संक्षिप्त प्रारम्भिक प्रतिवेदन प्रकाशन गर्ने लक्ष्य लिइएकाले जति सक्दो चाँडो माध्यमबाट सूचना पठाउनु पर्नेछ । सूचना पठाउने ठेगाना निम्नानुसार रहेको छ :

इमेल: crmccwb@gmail.com

फ्याक्स : ५५२७५९१

फोन : ५०१००४५/५०१००४६

**३.६. उजुरी तथा तत्काल सम्बोधनका कार्यहरु**

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनका क्रममा पीडित बालबालिकाको हितमा तत्काल राहत तथा उद्धारका कार्यहरु गर्नुपर्ने भएमा सम्बन्धित सम्पर्क व्यक्तिले केन्द्रीय संयोजन समितिका सम्पर्क व्यक्तिसँग परामर्श गरी स्थानीय तहमा बालसंरक्षणका सेवा प्रदायक संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी बालबालिकालाई संरक्षण प्रदान गर्न सक्नेछन् । यस्ता सहयता प्रदान गरिएका घटनाहरुको विस्तृत जानकारी केन्द्रीय संयोजन समितिलाई उपलब्ध गराउनुपर्दछ ।

यस्ता घटनाहरुमा तत्काल कानूनी कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने भएमा जिल्ला निर्वाचन कार्यालयमा उजुरी गरी सोको एक प्रति उजुरी केन्द्रीय बालकल्याण समितिमा पनि उपलब्ध गराउनु पर्दछ । साथै सम्बन्धित उजुरीमा कारवाही अगाडि बढे नबढेको अनुगमन गरी त्यसको समेत जानकारी गराउनु पर्नेछ ।

**३.७. स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनकर्ताले पालना गर्नुपर्ने आचारसंहिता**

स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमनकर्ताले निम्न आचारसंहितालाई कडाइकासाथ पालना गर्नुपर्दछ :

१. यो निर्वाचनमा बालअधिकार अनुगमन भएकोले पर्यवेक्षणका सबै क्षेत्र यसले समेट्दैन । तसर्थ केवल बालअधिकार सम्बन्धी अनुगमनका कार्यहरुमा मात्र आफूलाई सीमित राख्ने ।
२. निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा शिष्टाचारका नियमहरूको पालना गर्नुपर्नेछ ।
३. अनुगमनकर्ताले निर्वाचन कार्यालयका पदाधिकारी, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरू, सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेद्वार र तिनका प्रतिनिधिहरु लगायत मतदाताहरूको सम्मान गर्नुपर्नेछ ।
४. अनुगमनकर्ताले निर्वाचनमा अनुगमन गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नुपर्नेछ । कुनै राजनीतिक दल वा उम्मेद्वारप्रति झुकाव वा पूर्वाग्रह राख्नु हुँदैन ।
५. अनुगमनकर्ताले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु हुँदैन ।
६. कुनै राजनैतिक दल वा स्वतन्त्र उम्मेद्वारको समर्थन वा विरोध हुने गरी अनुगमनकर्ताहरुले चिन्ह, व्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचार-प्रसार वा प्रदर्शन गर्न गराउन हुँदैन ।

७. अनुगमनकर्ताले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्नु हुँदैन ।

८. अनुगमनकर्ताले निर्वाचन केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन हुँदैन ।

९. अनुगमनकर्ताले कुनै निर्वाचन केन्द्रमा निर्वाचन भईरहेको समयमा निर्वाचन कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन हुँदैन ।

१०. अनुगमनकर्ताले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरुको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन हुँदैन ।

११. अनुगमनकर्ताले अनुगमन अवधिमा संकलन गरेका सूचनाहरू वास्तविक, सत्य र वस्तुनिष्ठ हुनुपर्नेछ ।

१२. अनुगमनका क्रममा सूचना प्रदायकहरुमाथि जोखिम उत्पन्न हुने गरी गोपनीयता भङ्ग गर्ने कार्य गर्नु हुँदैन ।

१३. पीडित तथा प्रभावित बालबालिकाको स्पष्ट पहिचान खुल्ने तस्विर, अडियो, भिडियो सार्वजनिक गर्नु हुँदैन ।

१४. अनुगमनकर्ताले बालबालिकासँग नम्र, बालमैत्री, शिष्ट र अनुशासित व्यवहार गर्नुपर्दछ ।

१५. बालबालिकाको सर्वोत्तम हितलाई सदैव अग्रस्थानमा विचार गरी कार्य गर्नु पर्दछ ।

१६. अनुगमनको क्रममा बालबालिका कुनै गम्भिर जोखिममा रहेको पाईएमा निजको तत्काल सुरक्षाको निम्ति उपस्थित सरोकारवाला निकायहरुको सहयोगमा सुरक्षा गर्नु पर्नेछ ।

# भाग : ४
# अनुगमन फारमहरु

## फारम १ : स्थानीय निर्वाचन बालअधिकार अनुगमन समूह विवरण फारम

**(यो फारम जिल्लामा गठन गरिने "निर्वाचन बालअधिकार अनुगमन समिति" मार्फत बालअधिकार अनुगमन समूह गठन गर्न प्रयोग गरिन्छ ।)**

**नेपाल सरकार**
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
केन्द्रीय बालकल्याण समिति

**स्थानीय तह निर्वाचन, २०७४ मा बालअधिकार अनुगमन समूहको विवरण फारम**

जिल्लाः ...........................................गठन भएको मितिः.....................................
सम्पर्क व्यक्तिको नामः...............................................फोन नंः................................
इमेल.
वैकल्पिक सम्पर्क व्यक्तिको नामः...............................................फोन नंः...................... इमेल......................
समूहका सदस्यहरु

| क्रं. सं | नाम थर | प्रतिनिधित्व गरेको संस्था वा निकाय | सम्पर्क फोन | इमेल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रमाणित गर्ने**

...................................
**जिल्ला बालकल्याण अधिकारी**

**फारम २ : घटना अनुगमन विवरण फाराम (अनुगमनकर्ताले भर्ने फारम)**

**नेपाल सरकार**

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

केन्द्रीय बालकल्याण समिति

**स्थानीय तह निर्वाचन २०७४ बालअधिकार अनुगमन**

**घटना अनुगमन विवरण फारम**

फारम नं.:.................. घटना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोही प्रतिवेदनको घटना नं.उल्लेख गर्नुहोस्)*

प्रतिवेदकको नाम :..............................................जिल्ला:..............................

फोन नं..........................................इमेल................................................

सूचनाको स्रोत : स्थलगत अनुगमन /सञ्चारमाध्यम (नाम खुलाउनुहोस)/पर्यवेक्षक संस्था (नाम खुलाउनुहोस)/अन्य (नाम र परिचय)......................................

| | | | |
|---|---|---|---|
| घटना शीर्षक:<br>*एकीकृत विवरण फाराममा भए अनुसारको शीर्षक लेख्ने* | | | |
| घटनाको सामान्य जानकारी | जिल्ला : | गाउँपालिका/**नगरपालिका**/**उपमहानगर**/**महानगर**पालिका : | वडा : |
| | टोल/**स्थान** : | घटना भएको मितिः | **समय :** |
| घटनाको विवरण<br>*के, कहाँ, कसरी, कहिले, कसले, कसलाई भन्ने प्रश्नको उत्तर समावेश गर्ने* | | | |
| पीडित वा प्रभावित **बालबालिकाको** विवरण(**पीडा वा क्षति वा असरको**) | | | |
| कसले गरेको हो | | | |

| | |
|---|---|
| प्रमाण भए<br>फोटो, पत्रिकाको कटिङ, अडियो, भिडियो | |
| घटनाको प्रभाव<br>**(बालबालिकामा परेका)** | |
| **नोट : बालबालिकाको सख्यासंग सम्बन्धित घटना भए उमेर समूह समेत उल्लेख गर्ने** | |

अनुगमन मितिः प्रतिवेदन मितिः

## फारम ३: एकीकृत अनुगमन विवरण फारम (निर्वाचन बालअधिकार अनुगमन समितिले भर्ने)

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

केन्द्रीय बालकल्याण समिति

**स्थानीय निर्वाचन बालअधिकार अनुगमन**

**एकीकृत विवरण फारम**

**(निर्वाचन पूर्व)**

**जिल्ला :**..................................... **प्रतिवेदकः**.............................

**प्रतिवेदन मितिः**...................... **अनुगमन अवधि**......:............................**देखि**.................................**सम्म**

| *क स* | *घटना विवरण* | राजनीतिक पार्टी वा स्वतन्त्र उम्मेद्वारको नाम | जम्मा घटना संख्या | पिडित वा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| *१.* | *निर्वाचन पूर्वका समयमा* | | | | |
| *१.१.* | *बालबालिकालाई प्रत्यक्ष रुपमा संलग्न गराउने कार्यहरुः* | | | | |
| १.१.१ | बालबालिकालाई राजनीतिक दल वा उम्मेद्वारको जुलुस, ऱ्याली, प्रचार प्रसार आदि कार्यमा संलग्न गराउने । | | | | |
| १.१.२ | बालबालिकालाई राजनीतिक दल तथा उम्मेद्वारका सभा सम्मेलन आदि कार्यहरुमा कलाकार, वक्ता, **सहभागी** वा अन्य रुपमा प्रयोग गर्ने । | | | | |
| १.१.३ | बालबालिकालाई उम्मेद्वार तथा राजनीतिक दलले निर्वाचन र राजनीतिक प्रयोजनका विभिन्न कार्यहरुमा श्रमिकको रुपमा कार्य गराउने । जस्तै पर्चा पोष्टर टाँस्ने, बोक्ने, पाल टाँग्ने, खाना बनाउने, बिजुलीको काम गर्ने, भाँडा माझ्ने, पानी ल्याउने, ख्वाउने, कार्य आदि । | | | | |
| १.१.४ | बालबालिकामाझ परिवार वा समुदायको राजनीतिक तथा साम्प्रदायिक आस्थाको आधारमा द्वन्द्व सृजना गर्ने, तथा हुल हुज्जत गर्ने गराउने कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.५ | निर्वाचनका सहभागी तथा विरोधी पक्षहरुले बालबालिकालाई हतियार ओसार | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पसार तथा बोक्ने कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.६ | निर्वाचन बहिष्कारका सन्दर्भमा वा राजनितिक दलका प्रतिनिधिहरुले बालबालिकालाई मतदाता आउने मार्गहरु अवरुद्द गर्न लगाउने, मतदातालाई अल्मल्याउने जस्ता कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.७ | विशेष राजनतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार वा वहिष्कारका लागि विद्यालयमा रहेका विद्यार्थीहरुको समिति तथा समुह गठन गर्ने र परिचालन गर्ने । | | | | |
| १.१.८ | बालबालिकाहरुलाई निर्वाचनका वहिष्कार वा प्रतिस्पर्धी उम्मेदवारको पोष्टर पर्चा च्यात्न लगाउने । | | | | |
| १.१.९ | बालबालिकालाई निर्वाचन उद्देश्यले जासुसी, खबरी, **सुराकी,** सूचना वाहक तथा विरोधी समूहका रुपमा प्रयोग गर्ने । | | | | |
| १.१.१० | बालबालिकालाई चन्दा संकलनका कार्यमा प्रयोग गर्ने । | | | | |
| | | | | | |
| ***१.२*** | ***बालबालिकाले प्रयोग गर्ने स्थान आदिलाई प्रभावित पार्ने कार्यहरु*** | | | | |
| १.२.१ | विद्यालय र विद्यालय हाताभित्र आमसभा, माईकिङ्ग र निर्वाचनका अन्य प्रचारका कामहरु गर्ने गरिएको । | | | | |
| १.२.२ | विद्यालय तथा शैक्षिक संस्था **वा छात्रावास**को भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँसिएको वा राजनीतिक दल तथा उम्मेद्वारका पक्षमा तथा विरोधमा भित्तेलेखन गरिएको । | | | | |
| १.२.३ | विद्यालय समयमा विद्यालयका भौतिक तथा शैक्षिक सामाग्रीहरुको प्रयोग गरिएको, विद्यालय हातामा राजनीतिक दलहरुले निर्वाचन कार्यक्रमहरु आयोजना गरेको । | | | | |
| १.२.४ | विद्यालयमा गरिएका राजनीतिक तथा निर्वाचनका कार्यक्रमहरुका कारण विद्यालयका भौतिक सम्पतिमाथि क्षति पुगेको - जस्तै डेक्स, वेन्च आदि र सोमा हुन पुगेको नोक्सानी । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२.५ | राजनीतिक दल तथा उम्मेद्वारका पक्षधरहरु माझ भएका **झ**डप तथा द्वन्द्वका कारण विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीमाथि धम्की, कुटपिट र अन्य हानि नोक्सानी पुगेको । | | | | |
| १.२.६ | विद्यालयका शिक्षकहरुलाई राजनीतिक दल तथा उम्मेद्वारको पक्षमा प्रचार प्रसारमा संलग्न गराएको कारण पठनपाठनमा असर पारेको । | | | | |
| १.२.७ | विद्यालय नजिकका स्थानहरुमा आमसभा लगायता सभा सम्मेलनहरु आयोजना गरी विद्यालयको नियमित पठनपाठनलाई असर परेको । | | | | |
| १.२.८ | राजनीतिक कारणले बालबालिकाले पाउनुपर्ने आधारभूत सेवा तथा आपतकालिन सेवाहरु जस्तै स्वास्थ्य, खानेपानी, खाद्यान्न आदिको उपलब्धतामा अवरोध पु¥याइएको । | | | | |
| १.२.९ | राजनीतिक दल तथा उम्मेद्वारका प्रतिनिधिहरुले मतदाताहरुलाई आफ्ना सन्तानको कसम खाने तथा धर्म भाक्न लगाई मत पक्का गरेको । | | | | |
| १.२.१० | निर्वाचन प्रयोजनका लागि भनी निर्वाचन आयोगद्वारा तोकिएका दिन बाहेक पनि विद्यालय बन्द गरिएको र त्यसबाट बालबालिकाको नियमित पठनपाठनमा असर परेको । | | | | |
| १.२.११ | विद्यालय परिसरभित्र नै निर्वाचन कार्यालय खडा गरिएको र त्यसले विद्यालयको नियमित पठनपाठन र विद्यार्थीहरुलाई नकारात्मक असर पारेको । | | | | |

## फारम ४ : एकीकृत अनुगमन विवरण फारम (निर्वाचन बालअधिकार अनुगमन समितिले भर्ने)

नेपाल सरकार
महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति

**स्थानीय निर्वाचन बालअधिकार अनुगमन**

**एकीकृत विवरण फारम**

**(निर्वाचनको दिन)**

**जिल्ला :.......................................   प्रतिवेदकः..............................**

**प्रतिवेदन मितिः.......................   अनुगमन अवधिः.........................................देखि...................................सम्म**

| *क स* | *घटना विवरण* | राजनीतिक पार्टी वा स्वतन्त्र उम्मेद्वारको नाम | जम्मा घटना संख्या | पिडित वा प्रभावित बालबालिकाको संख्या( बालक/बालिका र उमेर समूह) | कैफियत |
|---|---|---|---|---|---|
| *२.* | *निर्वाचनको दिनमा हुन सक्ने बालअधिकार हननहरु* | | | | |
| २.१ | बालबालिकालाई निर्वाचन केन्द्रमा मतदाताको रुपमा प्रयोग गर्ने । | | | | |
| २.२ | बालबालिकालाई वयस्क मतदाताको सट्टामा फर्जी मतदाताको रुपमा प्रयोग गर्ने । | | | | |
| २.३ | बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह आदिको सङ्केत अङ्कित टि सर्ट, टोपी, स्टिकर टाँस गरी वा शरिरका कुनै पनि अंगमा त्यस्तो चिन्ह अंङ्कित गराइ वा टाटु बनाइ परिचालन गरिएको । | | | | |
| २.४ | निर्वाचन केन्द्रमा वयस्कको सट्टामा बालबालिकालाई लाइनमा बस्न लगाइएको । | | | | |
| २.५ | निर्वाचन केन्द्र र त्यसका वरपर बालबालिकालाई हुल हुज्जत, मैै झगडा तथा द्वन्द्व सृजना गर्न प्रयोग गरिएको । | | | | |
| २.६ | निर्वाचन केन्द्र वरपर विभिन्न कारणले | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुगेका बालबालिकामाथि हिंसा, कुटपिट, डर त्रास तथा धम्कि र अश्लिल गालीगलौज गरिएको । | | | | |
| २.७ | निर्वाचन केन्द्र राखिएका विद्यालयको भौतिक संरचना तथा सामाग्रीहरुमाथि क्षति पुऱ्याइएको । | | | | |
| २.८ | निर्वाचन केन्द्र राखिएका विद्यालयको वातावरणलाई सफा सुग्घर नराखिएको, र शौचालयहरुको सफाइ नगरिदिएको । | | | | |
| २.९ | निर्वाचनका सन्दर्भमा उम्मेद्वार, राजनीतिक दल तथा उनीहरुका प्रतिनिधिले बाल श्रमको प्रयोग गरेको । | | | | |
| | | | | | |

## फारम ५ : एकीकृत अनुगमन विवरण फारम (निर्वाचन बालअधिकार अनुगमन समितिले भर्ने)

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति

**स्थानीय तह निर्वाचन बालअधिकार अनुगमन**
**एकीकृत विवरण फारम**
**(निर्वाचन पश्चात्)**

**जिल्ला :**..................................... **प्रतिवेदकः**............................
**प्रतिवेदन मितिः**...................... **अनुगमन अवधिः**...........**देखि**..............**सम्म**

| ***क स*** | ***घटना विवरण*** | **राजनीतिक पार्टी वा स्वतन्त्र उम्मेद्वारको नाम** | **जम्मा घटना संख्या** | **पिडित वा प्रभावित बालबालिकाको संख्या( बालक/बालिका र उमे समूह)** | **कैफियत** |
|---|---|---|---|---|---|
| **३.** | **निर्वाचन पश्चात हुन सक्ने बालअधिकार हननका घटनाहरु** | | | | |
| ३.१ | विजय जुलुस, ऱ्याली आदिमा बालबालिकालाई संलग्न गराइएको । | | | | |
| ३.२ | विजय सभा आदिमा बालबालिकालाई कलाकार, वक्ता, नारावाजी, स्वयंसेवक आदिमा प्रयोग गरिएको । | | | | |
| ३.३ | विजय ऱ्याली, सभा तथा यससँग सम्बन्धित कार्यहरुमा बालबालिकालाई श्रमीकको रुपमा प्रयोग गरिएको । | | | | |
| ३.४ | निश्चित परिवार, समुदायका माथिबालबालिकामाथि (विपक्षी वा आफुलाई भोट नहालेको निहुँमा) अपहेलना, हिंसा, कुटपिट, बेइज्जती गरेको । | | | | |
| ३.५ | विजय सभा तथा ऱ्यालीका लागि विद्यालय बन्द गरेको, विद्यालयको नियमित पठन पाठनमा प्रभावित पार्ने गरी शिक्षक विद्यार्थीहरुलाई सहभागी गराएको । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | विद्यालय समयमा नै विद्यालय हाता, परिसर तथा विद्यालय नजिकैका स्थानहरुमा आमसभाहरु आयोजना गरि पठनपाठनमा अवरोध भएको । | | | | |
| ३.७ | विजय जुलुस आदिका क्रममा अर्को उम्मेद्वारलाई गाली बेइज्जती गर्न, हुल हुज्जत तथा द्वन्द्वमा बालबालिकालाई उक्साउने, प्रयोग गर्ने गरिएको । | | | | |
| | | | | | |

**फारम ६ :विस्तृत अनुगमन फारमको नमुना (विद्यालय)**

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

केन्द्रीय बालकल्याण समिति

**बालअधिकार हनन विस्तृत विद्यालय अनुगमन फारम**

(**विद्यालय**)

फारम नं.:.................. घटना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोहि प्रतिवेदनको घटनानं. उल्लेख गर्नुहोस्)*

**जिल्ला :..................................गा.पा./न.पा:....................वडा नं.......**

**टोल:.................................विद्यालयको नाम:..................................**

**अनुगमन टोलीका सदस्यहरु:**

**अन्तवार्ता गरिएका व्यक्तिहरु:**

**भएका बाल अधिकार हननको विवरण**

| सि.नं. | बालअधिकार हननको विवरण (सूचीका आधारमा) | कसले गराएको | कहिले गराएको | पीडित तथा प्रभावित बालबालिकाको विवरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुगमनका क्रममा संकलन गरिएका तस्विर तथा समाचार एवं अन्य सामाग्रीहरुको सूची :**

**अनुगमन मिति:............................प्रतिवेदन मिति:............................**

***यस पश्चात हरेक घटनाको विस्तृत विवरण एक छुट्टै पानामा उल्लेख गर्नुहोस् ।***

## फारम ७: विस्तृत अनुगमन फारमको नमूना (बालबालिका)

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
**बालअधिकार हनन विस्तृत अनुगमन फारम**
**(बालबालिका)**

फारम नं.:.................. घटना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोहि प्रतिवेदनको घटनानं. उल्लेख गर्नुहोस्)*

**जिल्ला :..................................गा.पा./ न.पाः.....................वडा नं.......**
**टोलः..................................**
**पीडित वा प्रभावित बालबालिकाको विवरण (नाम वा सामूहिक परिचय, संख्या, बालक र बालिका तथा उमेर समूह) :**

**अनुगमन टोलीका सदस्यहरुः**

**अन्तवार्ता गरिएका व्यक्तिहरुः**

**भएका बालअधिकार हननको विवरण**

| सि.नं. | बालअधिकार हननको विवरण (सूचीका आधारमा) | कसले गराएको | कहिले गराएको | कहाँ भएको घटना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुगमनका क्रममा संकलन गरिएका तस्विर तथा समाचार एवं अन्य सामग्रीहरुको सूची :**

**अनुगमन मितिः............................प्रतिवेदन मितिः............................**
***यस पश्चात् हरेक घटनाको विस्तृत विवरण एक छुट्टै पानामा उल्लेख गर्नुहोस् ।***

**फारम ८:**
**जिल्ला बालकल्याण समिति/केन्द्रीय बालकल्याण समिति/संलग्न संघसंस्था तथा संस्था सञ्जालले निर्वाचनको सन्दर्भमा गरेका क्रियाकलापको विवरण प्रतिवेदन फारामको नमूना :**

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
**क्रियाकलाप विवरण प्रतिवेदन फारम**

**विवरण पठाउने निकाय/संस्था/सञ्जाल :** ..........................................................................
**ठेगाना : जिल्ला :**.................... **गा.पा./ न.पाः**....................**सम्पर्क नं.:** .......................
**इमेल :** ...................................................................

| **सि.नं.** | **निर्वाचनको सन्दर्भमा गरिएका कार्यक्रम/क्रियाकलाप** | **कार्यक्रम/क्रियाकलाप गरिएको मिति** | **स्थान** | **सहभागीको संख्या र विवरण** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अन्य थप विवरण भए खुलाउने :**

**प्रतिवेदन पठाउने :**...........................**प्रतिवेदन मितिः**............................

## भाग ५ :
## स्थानीय तह निर्वाचनमा बिस्तृत अनुगमन तथा गहन अन्तर्वाताका लागि सुझावहरु

***विस्तृत अनुगमनका क्रममा निम्न कुराहरुलाई अवलम्बन गरिनुपर्दछ :***

- अनुगमनका लागि विद्यालय छनौट गर्दा विगतका अनुभव, राजनीतिक प्रतिस्पर्धा, पर्यवेक्षकहरुको सुझाव, सञ्चारकर्मी तथा यस क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुको सुझावको आधारमा सबैभन्दा धेरै जोखिममा रहेका विद्यालयहरुको छनौट गरिनुपर्दछ ।
- विद्यालय अनुगमनका सन्दर्भमा सम्वन्धित विद्यालयमा निर्वाचन र निर्वाचनसम्बन्धी राजनीतिक गतिविधिका कारण परेका प्रभावहरु, विद्यालय हातामा गरिएका राजनितिक क्रियाकलापहरु र त्यसले बालबालिकाको शैक्षिक तथा मानसिक अवस्था र सुरक्षामा परेका असरहरुका बारेमा बढी जानकारी संकलन गरिनुपर्दछ ।
- अनुगमन सहयोगी पुस्तिकामा उल्लेख गरिएका बालअधिकार हननका घटनाका सुचिहरुलाई नै विस्तृत अनुगमनका कार्यमा पनि प्रयोग गर्न सकिन्छ ।
- सम्बन्धित जिल्लामा विस्तृत अनुगमनका लागि भएका निर्वाचन क्षेत्रहरुमा समान ढंगले र सकेसम्म समान संख्यामा नमुना छनौट गर्नुपर्दछ ।
- विस्तृत अनुगमनका क्रममा छुटाउन नहुने प्रमुख सवालहरु निम्न छन् :
    - निर्वाचनको सन्दर्भमा सम्बन्धित विद्यालय परिसरमा भएका निर्वाचन तथा राजनीतिक गतिविधिहरुको संख्या कति छ ? त्यसमध्ये विद्यालय समयमा कति भएका छन् ? कुन उम्मेदवार वा राजनीतिक दलबाट कति संख्यामा राजनीतिक गतविधि भएका छन् ?
    - निर्वाचनको सन्दर्भमा भएका राजनीतिक कार्यक्रमहरु, सभा सम्मेलन, प्रचार प्रसार तथा र्‍याली जुलुसहरुमा उक्त विद्यालयका कति विद्यार्थी (कक्षागत आधारमा) र कति शिक्षकहरुलाई संलग्न गराइएको छ ? कति पटक र कुन कुन उम्मेदवार वा राजनीतिक दलहरुबाट यस्ता कार्यहरु भएको छ? विद्यार्थीहरु यस्ता कार्यक्रममा सहभागी हुँदा छुटेको पढाइ, शिक्षकहरु संलग्न हुँदा पठनपाठनमा परेको असर तथा बालबालिकाले राजनीतिक कार्यक्रममा सहभागी हुँदा भोग्नु परेका कठिनाईहरुको विवरण के कस्तो रहेको छ ?
    - निर्वाचन तथा राजनीतिक कार्यक्रममा प्रयोग भएको अवस्थामा तथा राजनीतिक द्वन्द रझडपका कारण विद्यालयका कुनै पनि भौतिक सम्पत्ती, शैक्षिक सामाग्रीहरुमा क्षति पुगेको छ की छैन ? सम्बन्धित राजनीतिक संगठन तथा उम्मेदवारले त्यसको जिम्मेवारी लिए कि लिएनन् ? पुगेको क्षतिको मर्मत सम्भारको लागि क्षतिपुर्ती गरीयो कि गरिएन ? यसरी भौतिक सामाग्रीहरुमा क्षती पुग्नाले विद्यालयको पठनपाठन र बालबालिकालाई परेका असरहरु के कस्तो रहेको छ ?
    - विद्यालय नजिकै विद्यालय समयमा नै पर्ने गरी निर्वाचन तथा राजनीतिक कार्यक्रमहरु सञ्चालन गरिएको छ की छैन ? यस्ता कार्यक्रममा प्रयोग गरिएको माईक, संगीत लगायतका कार्यक्रमले विद्यालयको पठनपाठनमा के कस्तो असर पारेको छ ?
    - निर्वाचन तथा राजनीतक प्रचार प्रसारका लागि विद्यालयका भित्ता तथा परिसर भित्र तुल ब्यानर टाँग्ने, पोष्टर पम्प्लेट टाँस्ने, भित्ते लेखन गर्ने जस्ता कार्यहरु भएका छन् कि छैन ? भएको छ भने कुन कुन राजनितिक दल तथा उम्मेदवारहरुबाट त्यस्तो भएको छ ? यसबारेमा सम्बन्धित राजनीतिक दल र उम्मेदवारलाई भनीएको छ की छैन ? के उनीहरुले यसलाई मेटाउने तथा हटाउने काम गरे ?

- निर्वाचन तथा राजनीतिक गतिविधिहरुमा बालबालिकालाई कसरी के के कामका लागि कुन उम्मेदवार, राजनीतिक दल वा दलका प्रतिनिधिहरुले प्रयोग गरेका छन् ? यस्ता घटनाहरुबाट प्रभावित वा संलग्न गराईएका बालबालिकाको संख्या कति र उमेर समूह कस्तो रहेको छ ? यस्ता कार्यमा संलग्न हुँदा बालबालिकाले भोग्नु परेको कठिनाइ, हिंसाको अवस्था कस्तो रहेको छ ?
- बालबालिकाको प्रयोग तथा बिद्यालयलाई नकारात्मक असर पार्ने गरी भएका यस्ता कार्यहरु तथा निर्वाचनमा बाल अधिकार हननका घटनाहरुका बारेमा निर्वाचन कार्यालयमा उजुरी गरिएको छ की छैन ? निर्वाचन कार्यालयबाट सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारका कार्यालयहरुलाई सचेत गराइएको छ कि छैन ? निर्वाचन कार्यालयको हस्तक्षेप पश्चात् उक्त कार्यहरु रोकियो कि रोकिएन ? पीडित तथा प्रभावित बालबालिका एवं विद्यालयलाई क्षतिपुर्ती उपलब्ध भयो कि भएन ? यदी प्रचलित ऐनमा उल्लेख भएका अपराधका कार्यहरु भएको भएमा प्रचलित ऐन बमोजिम कार्वाही भयो की भएन ? यस बारेमा निर्वाचन कार्यालय तथा सम्बन्धित कार्यालयको भनाइ के रहेको छ ?
- यसरी गरिने अनुगमनका क्रममा घटनाको सत्य तथ्य सावित गर्न सहयोग पुग्न सक्ने तस्विर, दृश्य, समाचार आदि संकलन गर्न विर्सनु हुँदैन तर, बालबालिका वा सार्वजनिक पदमा रहेका बाहेक वयस्कहरुसँग बाहेक अन्य वयस्क ब्यक्तिहरुसँग अन्तावार्ता गर्दा तथा तस्विर लिंदा उनीहरुको गोपनियता कायम राख्नुपर्दछ । सार्वजनिक स्थानमा बाहेक निजि परिवेशमा कुनै पनि तस्विर लिनका लागि सम्बन्धित पक्षको पुर्व अनुमती लिनुपर्दछ ।

अन्तवार्ता गर्दा खुला प्रश्नको बढी प्रयोग गर्ने, विभिन्न कोणबाट प्रश्न गरी घटनाको तथ्य र सत्यको नजिक पुग्ने प्रयत्न गर्नुपर्दछ । यसो गर्दा कहिल्यै पनि बन्द प्रश्न गर्ने, नकारात्मक र आलोचनात्मक प्रश्न मात्र गर्ने तथा कसैप्रति आरोपित गर्ने मात्र नगरी, नम्र, सभ्य र शिष्ट भाषा शैलीमा खुला प्रश्नहरु नै प्रयोग गर्नुपर्दछ ।

## भाग ६ :

## बालबालिकासँगको अन्तर्वार्तामा अपनाउनुपर्ने विशेष सावधानीहरु

निर्बाचन अनुगमनको सिलसिलामा बालबालिकाका अधिकारहरू हनन् भएको घटना भएका तत् सम्बन्धमा बालबालिकासित उक्त विषयमा बुझ्नु पर्ने अबस्थामा अथवा बालबालिकासँग कुराकानी गर्दा बिचार पुर्‍याउनुपर्ने विषयहरू :

- बालबालिकासंग सम्बन्धित विषयमा कुराकानी गर्दा सत्य-तथ्यमा आधारित रहनुका अतिरिक्त त्यसमा प्रयुक्त शब्दहरुको संवेदनशीलतामा स्तरीयता कायम गर्ने ।
- कुनै पनि प्रकारका कुराकानी  गर्दा बालबालिकालाई नकारात्मक प्रभाव पर्ने कुनै काम भयो कि भनेर ध्यान दिने ।
- कुनै प्रकारको दवावबिना बालबालिकालाई आफ्नो अभिब्यक्ति खुलस्त पार्न प्रोत्साहन दिने ।
- बालबालिकाबाट प्राप्त जानकारीहरु आफ्नो तर्फबाट प्रमाणित गर्नुस् तर प्रमाणीकरुणका क्रममा उसलाई कुनै प्रकारको हानी नोक्सानी वा असजिलो नपार्ने ।
- बालबालिकासंग कुराकानी गर्दा उनीहरू विरूद्ध यौन दुर्ब्यवहार वा अन्य कुनै कानुन विपरित नहुने गरी कार्य गर्न सचेत हुने । ।
- बालबालिका अथवा उनीहरुको अभिभाबकको अनुमति नलिई उनीहरुको फोटो नखिच्ने ।
- बालहितमा बोल्ने भनिएका संस्थाहरुलाई मात्र स्रोत मानेर बालअधिकार उल्लघंनका घटनाहरू पठाउनु अघि सकेसम्म उनीहरुको विश्वशनीयता परख गर्ने अथवा प्रष्ट रूपमा सो कुरा खुलाउनु आवश्यक हुन्छ ।
- सूचना दिने बालबालिकालाई कुनै लोभ लालच दिई कुराकानी गर्न प्रेरित गरिनु हुदैन । बालबालिकालाई मात्र होइन उनीहरुका अभिभाबकलाई पनि कुनै प्रलोभनमा पारेर कुरा गर्नुहुन्न ।